सामाजिक विकास मन्त्रालय

# स्वास्थ्य निर्देशनालय

गण्डकी प्रदेश, पोखरा, नेपाल

टोल फ्री १०९२ (हेल्लो डाक्टर)
फोन नं. ०६१-५२०३९०
फ्याक्सः ०६१-५२०३३०
PHEOC: ०६१-५२४०७४

***मिति २०७७/१/१७ गते***

## ***कोरोना भाइरस नियन्त्रण र रोकथामका लागि गण्डकी प्रदेश सरकारका तर्फबाट आज भएका गतिविधिहरु***




चिनिया अन्तर्राष्ट्रिय विभाग प्रमुखको उपस्थितिमा नेपालबाट पुर्व प्रधानमन्त्री माधवकुमार नेपालज्यू, उच्चस्तरीय समितिका संयोजक इश्वर पोख्रेलज्यू, सातै प्रदेशका प्रदेश प्रमुखज्यूहरु तथा विभिन्न प्रदेशका मुख्यमन्त्रीज्यूहरुको बीचमा भिडियो कन्फ्रेन्स बैठक सम्पन्न भएको छ ।। बैठकमा गण्डकी प्रदेशबाट माननीय मुख्यमन्त्रीज्युका प्रमुख राजनितिक सल्लाहकारज्यू, गण्डकी प्रदेश सरकारका प्रमुख सचिवज्यू, प्रमुख न्यायाधिवक्ताज्यू र स्वास्थ्य निर्देशनालयका निर्देशकज्यू समेत उपस्थित हुनुहुन्थ्यो ।



गोरखा वेलफेयर ट्रस्ट नेपालले पोखरा स्वास्थ्य विज्ञानप्रतिष्ठानलाई PPE, Infrared Thermometer, N95 Mask लगायतका व्यक्तिगत सुरक्षा सामाग्रीहरु हस्तान्तरण गरेको छ यसैगरी उक्त संस्थाले प्रतिष्ठानको प्राङ्गणमा WASH संग सम्बन्धित सामाग्रीहरुको स्थापना गरिदिएको छ ।

गण्डकी प्रदेशको स्वास्थ्य क्षेत्रको आ.ब. २०७७/७८ को नीति तथा कार्यक्रम सम्बन्धि स्वास्थ्य निर्देशनालयमा छलफल सम्पन्न भएको छ कार्यक्रममा स्वास्थ्य निर्देशनालयका निर्देशक, स्वास्थ्य आपूर्तिव्यवस्थापन केन्द्रका निर्देशक, सामाजिक विकास मन्त्रालयक महाशाखा प्रमुखहरु लगायत उपस्थित हुनुहुन्थ्यो ।



आज कोभिड - १९ रोकथाम, नियन्त्रण र उपचारको लागि जनशक्ति तथा आपुर्ती परिचालन समितिको बैठक समपन्न भएको छ । समितिका संयोजक डा. तारानाथ पोख्रेलज्यूले गण्डकी प्रदेशमा कोभिड - १९ संक्रमण रोकथाम, नियन्त्रण र व्यवस्थापनमा हालसम्म भए गरेका गतिविधिबारे जानकारी गराउनुभयो । बैठकले आगामी दिनमा हाल देखिएका कमजोरी र गतिरोधलाई कम

सामाजिक विकास मन्त्रालय

# स्वास्थ्य निर्देशनालय

गण्डकी प्रदेश, पोखरा, नेपाल

टोल फ्री १०९२ (हेल्लो डाक्टर)
फोन नं. ०६१-५२०३९०
फ्याक्स: ०६१-५२०३३०
PHEOC: ०६१-५२४०७४



गर्दै प्रभावकारी रुपमा कोभि -१९ नियन्त्रण, रोकथाम र व्यवस्थापन कार्य अगाडी बढाउने निर्णय गरेको छ। साथै Disinfection Tunnel को प्रयोग बारे मापदण्ड बनाउनु पर्ने र त्यसको बारेमा स्वास्थ्य तथा जनसंख्या मन्त्रलायसंग समन्वय गर्ने निर्णय समेत उक्त बैठकले गरेको छ। बैठकमा स्वास्थ्य निर्देशकज्यू, आपूर्ति व्यवस्थापन केन्द्रका निर्देशकज्यू, सामाजिक विकास मन्त्रालयका महाशाखा प्रमुखज्यूहरु, लगायत उपस्थित हुनुहुन्थ्यो।

## गण्डकी प्रदेशमा भएका क्वारेन्टाइन, आइसोलेसन, संकलित नमूना र नतीजा (PCR र RDT समेत) सम्बन्धि बैशाख १७ गते (४ बजे सम्म) जिल्लास्थित स्वास्थ्य कार्यालयहरुले पठाएको तथ्यांकको आधारमा प्राप्त विवरण

| जिल्ला | क्वारेन्टाइन | | | होम क्वारेन्टाइन मा रहेका | फिभर क्लिनिक | | आइसोलेसन | | विदेशबाट आएकाको संख्या | RDT किटबाट गरिएको परिक्षण | संकलित नमुना (PCR) | नेगेटिभ | पोजिटिभ | नतिजा आउन बाँकी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | संख्या | बेड | बसेका | | संख्या | जाँचेको | बेड | बसेका | | | | | | |
| कास्की | 12 | 401 | 0 | 96 | 5 | 227 | 100 | 0 | 348 | 1085 | 193 | 186 | 0 | 7 |
| स्याङ्जा | 28 | 631 | 187 | 34 | 0 | 64845 | 11 | 0 | 601 | 618 | 102 | 102 | 0 | 0 |
| तनहुँ | 31 | 181 | 1 | 550 | 6 | 307 | 42 | 0 | 802 | 590 | 22 | 22 | 0 | 0 |
| लमजुङ | 73 | 969 | 107 | 63 | 4 | 1156 | 18 | 0 | 188 | 204 | 53 | 53 | 0 | 0 |
| गोरखा | 42 | 334 | 6 | 193 | 71 | 483 | 27 | 0 | 397 | 629 | 28 | 28 | 0 | 0 |
| पर्वत | 11 | 375 | 21 | 185 | 0 | 0 | 20 | 0 | 316 | 373 | 76 | 76 | 0 | 0 |
| म्याग्दी | 16 | 125 | 24 | 91 | 0 | 0 | 6 | 0 | 138 | 154 | 15 | 15 | 0 | 0 |
| बाग्लुङ | 32 | 251 | 6 | 811 | 13 | 17171 | 16 | 0 | 836 | 1127 | 69 | 67 | 2 | 0 |
| नवलपुर | 24 | 768 | 66 | 48 | 0 | 0 | 24 | 0 | 868 | 573 | 60 | 60 | 0 | 0 |
| मनाङ | 7 | 61 | 12 | 0 | 5 | 46 | 7 | 0 | 3 | 21 | 3 | 3 | 0 | 0 |
| मुस्ताङ | 15 | 96 | 2 | 0 | 4 | 0 | 10 | 0 | 25 | 37 | 1 | 0 | 0 | 1 |
| **जम्मा** | 291 | 4192 | 432 | 2071 | 108 | 84561 | 281 | 0 | 4522 | 5411 | 622 | 612 | 2 | 8 |